# दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान परिचालन कार्यविधि,२०७६

**प्रस्तावना** : दुग्ध व्यवसायलाई दीगो र व्यवसायिक रुपमा अगाडी बढाउन संगठित बजारमा गुणस्तरीय दुधको प्रवाह गराउने उद्देश्य राखी दुध उत्पादन र सहकारी संस्थामार्फत बजारीकरण परिमाणको आधारमा कृषकलाई प्रदान गरिने अनुदान परिचालनलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्न वान्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो कार्यविधिको नाम "दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान परिचालन कार्यविधि,२०७६" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम सम्झनु पर्छ।

(ख) "कृषक" भन्नाले दुग्ध उत्पादक सहकारी संस्थामा आवद्ध भई व्यावसायिक रूपमा दुध उत्पादन गर्ने कृषक, कृषक समूह, कृषि सहकारी संस्था, कम्पनी तथा फर्म समेत सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(घ) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) "विज्ञ केन्द्र" भन्नाले भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ।

(च) "सम्बन्धित कार्यालय" भन्नाले वार्षिक स्वीकृत कार्यक्रम र बजेट अख्तियारी भएको निर्देशनालय वा विज्ञ केन्द्र सम्झनु पर्दछ ।

(छ) "लाभग्राही" भन्नाले सहकारीमा आवद्ध भई व्यवसायिक पशुपालन गरेर दैनिक दुध बिक्री गरे वापत अनुदान प्राप्त गर्ने कृषक, दुग्ध उत्पादक सहकारी, पशुपालक कम्पनी तथा फर्म समेत सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले यस कार्यविधिको दफा २ बमोजिम गठित अनुदान व्यस्थापन तथा सिफारिस समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

२. अनुदान व्यवस्थापन तथा सिफारिस समितिः (१) कार्यक्रम सञ्चालनका लागि विज्ञ केन्द्रमा देहाय बमोजिम अनुदान व्यस्थापन तथा सिफारिस समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख, विज्ञ केन्द्र | संयोजक |
| (ख) | अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| (ग) | प्रतिनिधि,कृषि ज्ञान केन्द्र | सदस्य |
| (घ) | अधिकृत प्रतिनिधि, प्रदेश लेखा इकाई कार्यालय वा कोष तथा लेखा नियन्त्रकको कार्यालय | सदस्य |
| (ङ) | प्रमुख, योजना तथा अनुगमन शाखा, विज्ञ केन्द्र | सदस्य-सचिव |

सचिव

(२) कार्यक्रम सञ्चालनका लागि निर्देशनालयमा देहाय बमोजिम अनुदान व्यस्थापन तथा सिफारिस समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | वरिष्ठ पशु विकास अधिकृत, निर्देशनालय | संयोजक |
| (ख) | अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| (ग) | अधिकृत प्रतिनिधि, कृषि विकास निर्देशनालय | सदस्य |
| (घ) | अधिकृत प्रतिनिधि, प्रदेश लेखा इकाई कार्यालय वा कोष तथा लेखा नियन्त्रकको कार्यालय | सदस्य |
| (ङ) | अधिकृत, योजना तथा अनुगमन शाखा, निर्देशनालय | सदस्य-सचिव |

३. <u>बैठक सम्बन्धी कार्यविधि</u> : (१) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(२) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ।

(३) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

(४) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४. <u>समितिको काम कर्तव्य र अधिकारः</u> (१) दफा २ को उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्राप्त आवेदन तथा प्रस्तावहरुको मूल्याङ्कन गरी लाभग्राहीको सम्भावित नामावली तयार गरी सार्वजनिक गर्ने ,

(ख) दुग्ध उत्पादक सहकारी संस्थामार्फत दुध बिक्री वितरण गर्ने कृषक पहिचान र अनुसुची-६ बमोजिम आधारभूत सर्वेक्षण गर्ने,



सचिव

(ग) दुधको उत्पादकत्व तथा संगठित बजारमा गुणस्तरीय दुधको प्रवाह बढाउन उत्पादन र बजारीकरण भएको परिमाणमा आधारित अनुदान वितरणका लागि सिफारिस गर्ने,

(घ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, निरीक्षण तथा अनुगमन गर्ने,

(ङ) सञ्चालित कार्यक्रमको चौमासिक रुपमा समिक्षा गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्ने, र

(च) कार्यक्रम कार्यान्वियन गर्ने लाभग्राहीलाई आवश्यक सल्लाह तथा सुझाव दिने ।

(२) दफा २ को उपदफा (२) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रचलित कानून बमोजिम आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु निर्धारण गर्ने,

(ख) प्राप्त आवेदनहरुको मूल्याङ्कन गरी लाभग्राहीको सम्भावित नामावली तयार गरी सार्वजनिक गर्ने ,

(ग) दुग्ध उत्पादक सहकारी संस्थामार्फत दुध बिक्री वितरण गर्ने कृषक पहिचान र अनुसुची-६ बमोजिम आधारभूत सर्वेक्षण गर्ने,

(घ) दुधको उत्पादकत्व तथा संगठित बजारमा गुणस्तरीय दुधको प्रवाह बढाउन उत्पादन र बजारीकरण भएको परिमाणमा आधारित अनुदान वितरणका लागि सिफारिस गर्ने,

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, निरीक्षण तथा अनुगमन गर्ने,

(च) सञ्चालित कार्यक्रमको चौमासिक रुपमा समिक्षा गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्ने, र

(छ) कार्यक्रम कार्यान्वयन गर्ने लाभग्राहीलाई आवश्यक सल्लाह तथा सुझाव दिने ।



सचिव

५. <u>कार्यक्रम तर्जुमा र कार्यान्वयनः</u> (१) कार्यक्रम सञ्चालनका लागि मन्त्रालयले निर्देशनालय वा विज्ञ केन्द्रको वार्षिक कार्यक्रममा नै समावेश हुने गरी बजेटको व्यवस्था गर्नेछ ।

(२) सम्बन्धित कार्यालयले अनुदान कार्यक्रममा सहभागी हुन चाहने दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई लक्षित गरी अनुसूची-१ बमोजिमको ढाँचामा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ।

(३) यस कार्यक्रममा सम्मिलित हुन अनुसुची-५ बमोजिम मापदण्ड पूरा गरेका ईच्छुक दुग्ध उत्पादक सहकारी संस्थाले तोकिएको म्याद भित्र अनुसूची-२ बमोजिम सम्बन्धित कार्यालयमा आवेदन दिनुपर्नेछ।

(४) प्राप्त आवेदनहरुलाई दफा २ बमोजिमको समितिले अनुसूची-३ बमोजिम मूल्याङ्कन तथा प्राथमिकीकरण गर्नेछ ।

(५) रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू उपर कुनै कारवाही गरिने छैन ।

(६) दफा २ बमोजिमको समितिले अनुसूची-३ बमोजिम प्राथमिकीकरण र छनौट भई आएका प्रस्तावहरुको सम्बन्धमा स्थलगत अनुगमन गर्नेछ ।

(७) दफा २ बमोजिमको समितिले स्थलगत अनुगमन गरी प्रमाणीकरण गरी कार्यालय प्रमुख समक्ष स्वीकृतिका लागि सिफारिस गर्नेछ ।

(८) उपदफा (६) बमोजिम छनौट भई सिफारिस भएका लाभग्राहीहरुको विवरण एकीन गरी अनुदान रकम समेत निर्देशनालय वा विज्ञ केन्द्र प्रमुखले प्रचलित कानूनको अधिनमा रही स्वीकृत गर्नु पर्नेछ ।

(९) अनुदानको लागि छनौट भएका दुग्ध उत्पादक सहकारी, संघ/संस्थासँग सम्बन्धित कार्यालयले अनुसूची-४ बमोजिम सम्झौता गर्नेछ ।

(१०) सम्झौतापछि छनौट भएका दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई विनियोजित बजेटको परिधी भित्र रही उक्त संस्थाको नाममा सञ्चालन भएको बैंक खातामार्फत सम्बन्धित कार्यालयले अनुदान रकम उपलब्ध गराउनेछ।

(११) दुग्ध उत्पादक सहकारी संस्थाले आफुमा आवद्ध वा उक्त संस्थामा दुध संकलन गर्ने अनुसुची-५ अनुसार मापदण्ड पूरा गरेका कृषकहरुलाई अनुदान रकम सम्बन्धित

कृषकको बैंक तथा वित्तीय संस्थामा रहेको खातामा जम्मा गरेको प्रमाणसहितको पूर्ण विवरण अनुदान रकम प्राप्त गरेको १५ दिन भित्रमा सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

६. दुध उत्पादन र बजारीकरणमा आधारित अनुदान रकम : यस कार्यक्रम अन्तर्गत अनुसुची-५ बमोजिमको मापदण्डको आधारमा दुध उत्पादन र बजारीकरण गर्ने कृषकलाई रु.१ (एक रुपैयाँ) प्रति लिटर अनुदान रकम उपलव्ध गराइनेछ ।

७. सार्वजनिक परीक्षणः (१) लाभग्राहीले सम्झौता बमोजिमको कार्यसम्पन्न गरिसके पश्चात कार्यक्रमको देहाय विधि प्रयोग गरी सार्वजनिक परीक्षण गर्नु पर्नेछ :-

(क) सार्वजनिक वा नागरिक सुनुवाई, र

(ख) प्रदेश सरकारबाट उपलव्ध स्रोतको उपयोग र उपलव्धी हासिल भए नभएको निर्देशनालय वा सम्बन्धित केन्द्रको प्राविधिक सर्वेक्षण प्रतिवेदन ।

(२) उपदफा (१) बमोजिम गरेको सार्वजनिक परीक्षणको पुष्टी हुने आवश्यक कागजातहरु अनुदानग्राहीले तयार गरी अभिलेख राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अभिलेख अनुदानग्राहीले निर्देशनालय वा सम्बन्धित केन्द्रमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४

## कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

८. कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः (१) सञ्चालित कार्यक्रमको अनुगमन गर्ने मूख्य जिम्मेवारी सम्बन्धित कार्यालय तथा समितिको हुनेछ ।

(२) विज्ञ केन्द्रले सञ्चालन गरेका कार्यक्रमको मन्त्रालय वा निर्देशनालयले र निर्देशनालयबाट सञ्चालित कार्यक्रमको मन्त्रालयले जुनसुकै बखत अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन विज्ञ केन्द्रले निर्देशनालयमा र निर्देशनालयले मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम मन्त्रालयले गरेको अनुगमन निरीक्षणको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।



सचिव

(५) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको सम्झौता बमोजिमको काम नभएको वा आर्थिक अपचलन भएको लगायतका विषयमा उजुरी वा गुनासो प्राप्त भएमा मन्त्रालयले सम्बन्धित विषय विज्ञसहितको टोली गठन गरी जाँचबुझ गराउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम गठित टोलीले स्थलगत रुपमा जाँचबुझ गरी पछिसम्म फरक नपर्ने गरी स्थलगत एवम् तथ्यगत आधारमा प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सम्झौता बमोजिमको काम नभएको देखिएमा सो बमोजिम गर्न वा गराउन सम्बन्धित लाभग्राही र सम्बन्धित कार्यालयलाई निर्देशन दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त निर्देशनलाई सम्बन्धित कार्यालय तथा लाभग्राहीले प्रभावकारी ढंगले कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ ।

(९) उपदफा (६) बमोजिम प्राप्त प्रतिवेदनबाट आर्थिक अपचलन भएको देखिएमा मन्त्रालयले आवश्यक अनुसन्धान तथा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

## परिच्छेद-५

## विविध

९. प्रगति प्रतिवेदन :(१) यस कार्यविधि बमोजिम भएको काम कारवाहीको विवरण सहितको चौमासिक प्रतिवेदन विज्ञ केन्द्रले निर्देशनालयमार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रालयले मूख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(३) मन्त्रालयले आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र यस कार्यविधि बमोजिम सञ्चालन भएको कार्यक्रमको प्रदेशस्तरमा प्रगति समिक्षा गर्नेछ।

१०. सम्झौता रद्द गर्न सकिने: (१) सम्बन्धित कार्यालयको प्राविधिक सरसल्लाह, सुझाव तथा निर्देशन नमान्ने र तोकिए बमोजिम दुधको उत्पादन र बजारीकरण अभिलेख नराख्ने लाभग्राहीको सम्झौता रद्द गर्न सकिनेछ । सो अवस्थामा कुनै पनि अनुदान रकम भुक्तानी गरिने छैन ।



सचिव

११. <u>लाभग्राहीको अभिलेख</u>: (१) निर्देशनालय वा विज्ञ केन्द्रले यस कार्यविधि बमोजिमका लाभग्राहीको अभिलेख अनिवार्य रुपमा राख्ने तथा सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) अघिल्लो आर्थिक वर्षमा अनुदान पाएको लाभग्राहीलाई समेत आगामी आर्थिक वर्षमा थप उत्पादन वृद्धि भएको अभिलेखको आधारमा निरन्तर रुपमा अनुदान प्रदान गर्न सकिनेछ ।

(३) अनुदान प्राप्त गरी निर्देशनालय र विज्ञ केन्द्रको प्राविधिक सल्लाह अनुरुप दुध उत्पादन र बिक्री नगरी बीचमै व्यवसाय छाड्ने लाभग्राहीको अभिलेख राखी भविष्यमा कुनै पनि प्रकारको अनुदान प्रदान गरिने छैन।

१२. <u>लेखा तथा लेखापरीक्षण</u> : कार्यक्रमको खर्चको लेखा व्यवस्थापन तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

१३. <u>निर्देशन दिन सक्ने</u>: यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको कार्यान्वयनलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले सम्बन्धित कार्यालयलाई निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन सम्बन्धित सबैले पालना गर्नु पर्नेछ ।

१४. <u>प्रचलित कानून बमोजिम हुने</u>: अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनसँग नबाझिएको हदसम्म यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१५. <u>बाधा अड्काउ फुकाउ</u>: यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा मन्त्रालयले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

सचिव

अनुसूची-१

(दफा ५ उपदफा (२) सँग सम्बन्धित)

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय धनगढी, कैलाली

## दुग्ध उत्पादन र बजारीकरणका आधारमा अनुदान परिचालन अन्तर्गत कृषकहरु तथा इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुका लागि

## प्रस्ताव आव्हानको सूचना

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय वा ....................निर्देशनालय वा .................. .............विज्ञ केन्द्र को आर्थिक वर्ष २०७...../०७... स्वीकृत कार्यक्रम अनुसार दुग्ध उत्पादन र बजारीकरणका आधारमा अनुदान परिचालन कार्यक्रम रहेकोले सो कार्यक्रममा आफ्नो संस्थाको सदस्यता लिएका दुग्ध उत्पादक सदस्य कृषकहरुलाई संलग्न गराउन इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र अनुसूची-२ अनुसारको निवेदन ...................... कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि यस मन्त्रालय / निर्देशनालय ....... कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

सचिव

## अनुसूची–२

(दफा ५ उपदफा (३) सँग सम्बन्धित)

**<u>दुग्ध उत्पादक सहकरी संस्थाले मन्त्रालय/सम्बन्धित कार्यालयमा दिने आवेदन पत्रको ढाँचा</u>**

मितिः

श्री प्रमुखज्यू,

................................................................... ।

मार्फतः .......................... कार्यालय..................

विषयः "दुग्ध उत्पादन र बजारीकरणका आधारमा अनुदान परिचालन कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिति .......................... मा प्रकाशित सूचना अनुसार यस .......................... दुग्ध उत्पादक सहकारी संस्था लि. ले दुग्ध उत्पादन र बजारीकरणका आधारमा अनुदान परिचालन कार्यक्रममा समावेश हुने भनी संस्थाको सञ्चालक समितिले निर्णय गरेकोले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण भरी निवेदन पेश गरेका छौं ।

तपसिल

१) कूल सदस्य संख्या ............

२) गत वर्ष कूल दुग्ध संकलन लि. (औषत दैनिक ...... लि., मासिक....... लि. र वार्षिक ...... लि.)

३) गत वर्ष कूल अधिकतम दुग्ध संकलन ...... महिना, ............ लि.

४) गत वर्ष कूल न्यूनतम दुग्ध संकलन ...... महिना, ............ लि.

५) संस्थाबाट संकलित दुग्ध बिक्री गरिने संस्था/संस्थान/आयोजना आदिको नाम र ठेगानाः

क) ............

ख) ............

ग) ............

६) मिल्क एनालाईजरको प्रयोग भएको/नभएको

७) वार्षिक साधारण सभा भएको भए गत वर्षको प्रमाण

८) जम्मा संकलन केन्द्र संख्याः

९) रेकर्ड राख्न कम्प्यूटरको प्रयोग भएको/नभएको

१०) दुग्धको गुणस्तर परीक्षण गरी रेकर्ड राख्ने / जानकारी दिने गरेको/नगरेको

११) आफ्नो चिलिङ्ग सेन्टर भएको/नभएको

१२) दुग्ध विविधीकरण र बिक्री वितरण गरेको/नगरेको

क) गरेको भए कुन कुन पदार्थ बनाउने गरिन्छ, दैनिक औषत परिमाण

पदार्थको प्रकार परिमाण



सचिव

.............. ...........

.............. ...........

ख) बिक्री गर्ने बजार/स्थल ...........

१३) सहकारी दर्ता/नविकरणको प्रमाण

१४) कुनै प्रकारको कारवाहीमा नपरेको वा परेको स्व:घोषणा

१५) कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड

१६) कर चुक्ता प्रमाण-पत्र

१७) लेखापरीक्षण प्रतिवेदन।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

सचिव

## अनुसूची-३

(दफा ५ उपदफा (४) सँग सम्बन्धित)

**कार्यक्रम सञ्चालनका लागि संस्थाको छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु**

| क. स. | दर्ता नं. | आवेदक संस्थाको नाम | मिल्क एनालाईजर वा रेकर्ड राखिएको उपयुक्त प्रविधि/तरिका २५) | दुग्ध उत्पादक (कृषक सदस्य संख्या) (२५) | दैनिक दुग्ध संकलन र प्रशोधन गरेको परिमाण लिटर (२५) | सरसफाई र अभिलेख व्यवस्थापन (२५) | कूल प्रासांक (१०० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

* ५० सम्म सदस्य संख्या हुने संस्थालाई २० अंक र ५० भन्दा बढी सदस्य संख्या हुने संस्थालाई २५ अंक दिइनेछ ।
* दैनिक कम्तीमा २०० लिटर देखि ५०० लिटरसम्म दुग्ध संकलन गर्ने सहकारी संस्थालाई २० अंक र ५०० लिटर भन्दा माथि दुग्ध संकलन गर्ने सहकारी संस्थालाई २५ अंक दिइनेछ ।

अनुदान व्यवस्थापन तथा सिफारिस समितिका पदाधिकारीहरुको:

| क्र. स. | नाम थर | पद | कार्यालय/ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| | | | | |

सचिव

## अनुसूची -४

(दफा ५ उपदफा (९) सँग सम्बन्धित)

### सम्बन्धित कार्यालय र लाभग्राही संस्था बीच हुने सम्झौताको ढाँचा

प्रदेश सरकार, सुदुरपश्चिम प्रदेश, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, ................... ................ कार्यालय............ (यसपछि प्रथम पक्ष भनिने) र ........................ दुग्ध उत्पादक सहकारी संस्था ............ (यसपछि दोश्रो पक्ष भनिने) बीच **दुग्ध उत्पादन र बजारीकरणका आधारमा अनुदान परिचालन कार्यक्रम**मा तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षीय सम्झौता गरिएको छ ।

तपसिल

(१) दोश्रो पक्षलाई पहिलो पक्षले स्वीकृत भए अनुसारको रकम रु........................(अक्षरमा ............................) दोश्रो पक्षको बैंक खातामा अनुदान रकम एकमुष्ट जम्मा गरिनेछ ।

(२) दोश्रो पक्षले सहकारी संस्थामा आवद्ध भएका कृषकहरुलाई छनौटको मापदण्ड बनाई मापदण्ड पूरा गरेका कृषकहरुलाई अनुदान वितरण गर्नु पर्नेछ ।

(३) अनुदान प्राप्त रकममध्ये दोश्रो पक्षले गत वर्ष बिक्री गरेको दुग्धको परिमाणका आधारमा कृषकहरुलाई एकमुष्ट रकम निजको बैंक खातामार्फत उपलब्ध गराउनु पर्नेछ ।

(४) प्राप्त अनुदानमा दोश्रो पक्षले सञ्चालन खर्च कटाउन पाउने छैन ।

(५) प्राप्त रकम वितरण गर्दा मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालय वा सम्बन्धित गाउँपालिका वा नगरपालिका प्रतिनिधिहरुको रोहवरमा बाड्नु पर्नेछ ।

(६) दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाई नियमित रुपमा पशु खोप लगाउने, परजिवी नियन्त्रण गर्ने, थुनेलो लगायत अन्य रोग लागेको र औषधि उपचार गरिरहेको अवस्थाको अखाद्य दुग्ध बिक्री वितरणमा रोक लगाउने, फार्ममा जैविक सूरक्षाको व्यवस्था मिलाउने, तोकिए अनुसारको सफा दुग्धको उत्पादन, ढुवानी लगायतका गुणस्तर, फ्याट, एस.एन.एफ. र अन्य मापदण्ड पूरा गर्न लगाउने, सुधारिएको गोठको व्यवस्था मिलाउने लगायतका कार्यहरु गराउनु पर्नेछ ।

(७) दोश्रो पक्षले उत्पादन स्थलदेखि आफुले बिक्री गर्ने स्थानसम्म सफा, स्वस्थ्य र गुणस्तरयुक्त दुग्धको कारोवारको पूर्ण व्यवस्था गर्नु पर्नेछ ।

(८) अनुदान रकम वितरण गरेको सक्कल प्रति सम्बन्धित कार्यालयमा १ हप्ता भित्रमा पेश गर्नु पर्नेछ ।



सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

(९) दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भङ्ग गरी प्रचलित कानून बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

(१०) यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं ।

**दोश्रो पक्ष**

दस्तखतः

नामः

पदः

संस्थाः

रोहवर

दस्तखतः

नामः

पदः

संस्थाः

**प्रथम पक्ष**

दस्तखतः

नामः

पदः

कार्यालयः

दस्तखतः

नामः

पदः

कार्यालयः

इति सम्बत् ............ साल ............. महिना ....... गते रोज ....... शुभम् ।

सचिव

अनुसूची-५

(दफा ५ उपदफा (३), (११) र दफा ६ सँग सम्बन्धित)

<u>दुग्ध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम सञ्चालनका लागि दुग्ध उत्पादक सहकारी संस्थाको मापदण्ड</u>

(क) दैनिक संकलित दुग्ध, दुग्ध उत्पादक सहकारी संस्था आफैले प्रशोधन गर्ने वा अन्य डेरी उद्योगलाई बिक्री गरी दुग्ध र दुग्धजन्य पदार्थहरुको बेचबिखनको प्रबन्ध गरेको हुनुपर्नेछ ।

(ख) तराईको जिल्लाको हकमा दैनिक कम्तीमा ५०० लिटर र पहाडी जिल्लाहरुको हकमा दैनिक कम्तीमा २०० लिटर दुग्ध र वार्षिक कम्तीमा २०० दिनसम्म दुग्धको कारोवार गरेको हुनु पर्नेछ।

(ग) गत आर्थिक वर्षको माघ महिनादेखि चालू आर्थिक वर्षको पौष मसान्तसम्म गरेको दुग्धको कारोवारको अभिलेखसमेत पेश गर्नु पर्नेछ।

(घ) दुग्ध उत्पादक सहकारी संस्थामा आवद्ध ५० प्रतिशत भन्दा बढी पशुपालक कृषकहरुले पशु बीमा गरेको हुनुपर्नेछ ।

(ङ) सहकारीमा आवद्ध सबै कृषकहरुको फार्ममा जैविक सुरक्षा विधि अवलम्वन गरेको हुनुपर्नेछ।

(च) सहकारीले कारोवार गर्ने गरेको दुग्धको गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको हुनुपर्नेछ ।

(छ) जिल्ला दुग्ध उत्पादक सहकारी संघ भएको जिल्लाको हकमा उक्त संघको सिफारिस संलग्न गरेको हुनुपर्नेछ ।

(ज) नयाँ आवेदक सहकारीको हकमा गत वर्षमा दुग्धको कारोवार गरेको अभिलेख पेश गर्नु पर्ने र गत वर्षमा अनुदान प्राप्त गरेको सहकारीहरूको हकमा अनुदान प्राप्त गर्दाको बखत पेश गरेको पछिल्लो उत्पादनमा कम्तीमा १० प्रतिशत थप दुग्धको कारोवार गरेको हुनुपर्ने र सोको अभिलेख समेत पेश गर्नु पर्नेछ ।

(झ) सम्बन्धित सहकारीले आफूमा आवद्ध भएका कृषकहरूलाई अनुदान वितरणको मापदण्ड बनाई पेश गर्नु पर्नेछ ।

(ञ) सहकारी संस्थाहरूले संस्थागत रूपमा दुग्ध बिक्री गरेको अभिलेख राखी प्रमाण पेश गर्नु पर्नेछ ।

(ट) पूराना सहकारी संस्थाको हकमा लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको दुग्धको खरिद र विक्री गरिएको परिमाणलाई समेत आधार लिइनेछ ।



सचिव

अनुसुची-६

(दफा ४ को उपदफा (१) खण्ड (ख) र उपदफा (२) खण्ड (ग) सँग सम्बन्धित)

## दुग्ध उत्पादक सहकारी संस्थामा उत्पादित दुग्ध बजारीकरणको आवद्धता भएका कृषक आधारभुत सर्वेक्षण नमूना फाराम

(१) पशु तथा दुग्ध उत्पादन विवरण:

| क्र. स. | विवरण | गाई | | भैसी | |
|---|---|---|---|---|---|
| | | उन्नत | स्थानीय | उन्नत | स्थानीय |
| १ | पशु संख्या | | | | |
| २ | कूल दुग्ध उत्पादन लिटर दैनिक | | | | |
| ३ | कूल दुग्ध बिक्री लिटर दैनिक | | | | |
| ५ | बिक्री हुने दिन संख्या | | | | |
| ६ | औसत फ्याट प्रतिशत | | | | |
| ७ | औसत SNF प्रतिशत | | | | |
| ८ | औसत मूल्य प्रति लिटर | | | | |

(क) गोठ को भौतिक तथा जैविक सुरक्षा अवस्था:

(ख) फार्म भएको स्थानको जमिन कठ्ठा वा रोपनी

(ग) घाँस लगाएको क्षेत्रफल

(घ) घाँसका प्रकार: वर्षे........, बहुवर्षे

(ङ) सिंचाईको व्यवस्था

(च) पशु स्वास्थ्य सम्बन्धी मुख्य समस्या र पशुधनको क्षति सम्बन्धी विवरण

(छ) खोप विवरण:

(ज) परजिवी नियन्त्रण विवरण:

(झ) पशु बीमा विवरण र क्षतिपुर्ती लिईको भए सोको विवरण:

(ञ) फार्ममा भएको खर्च र आम्दानीको विवरण

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी कैलाली

| खर्च | | आम्दानी | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| पशु खरिद | | दुग्ध विक्रि | |
| गोठ निर्माण | | बाच्छाबाच्छी पाडापाडी विक्री | |
| आहरा | | मल विक्री | |
| औषधी | | अन्य | |
| प्रजनन | | | |
| ज्यामी, भाडा, वहाल | | | |

प्रति लिटर दुग्ध उत्पादन लागत रू........

सबभन्दा बढी दुग्ध विक्री हुने महिनाहरू:

सबभन्दा कम दुग्ध विक्री हुने महिनाहरू:

अनुदान सम्बन्धीः प्राप्त भएको वा नभएको

प्राप्त अनुदानको विवरण:

| क्र. सं. | अनुदान दिने संस्था | अनुदान रकम रू | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

अनुदान सम्बन्धी धारणा र सुझावः

सचिव